चुलाचुली गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

अनुसूची २

चुलाचुली गाउँपालिकाको

## राजपत्र

**गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड,१ संख्या ४, प्रकाशित मिति **२०७५/१२/१०**

## भाग-२

चुलाचुली गाउँपालिकाको

# स्थानीय विकास कोष सञ्चालन कार्यविधि, २०७५

आज्ञाले,
काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

चुलाचुली गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

चुलाचुली गाउँपालिकाको
# स्थानीय विकास कोष सञ्चालन कार्यविधि, २०७५

स्वीकृत मिति : –२०७५/१२/०१

**चुलाचुली गाउँपालिका**
इलाम जिल्ला, १ नं. प्रदेश,
नेपाल ।

### चुलाचुली गाउँपालिकाको

# स्थानीय विकास कोष सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावना:** आर्थिक, सामाजिक र साँस्कृतक लगायतका कुराहरुमा विकास गर्दै समग्र नेपाललाई समृद्धी तर्फ अगाडी बढाउन तथा संबैधानिक व्यवस्था अनुरुपको अर्थतन्त्रको विकास गर्ने राज्यको उदेश्य अनुसार आर्थिक रुपान्तरण सहितको क्रियाकलापका माध्यमबाट चुलाचुली गाउँपालिका वासी जनताको सर्वोत्तम हित र समुन्नती प्रत्याभूत गर्ने गराउने लक्ष्यका साथ नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजीम गाउँपालिकालाई प्रत्याभूत गरिएको काम, कर्तव्य र अधिकार अन्तर्गत सहकारीहरुसंग सहकार्यको माध्यमबाट समग्र कृषिमा आधुनिकीकरण गर्दै लगानी गर्ने र पशुपन्छि पालनका साथै कृषि उत्पादन तथा उत्पादकत्व बढाउने, र त्यसलाई व्यवसायीकरण गदै वजारीकरण समेत गर्ने गराउने उदेश्यका साथ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम चुलाचुली गाउँकार्यपालिकाले यो स्थानीय विकास कोष सञ्चालन कार्यविधि २०७५ पारित गरी लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम चुलाचुली गाउँपालिकाको **स्थानीय विकास कोष सञ्चालन कार्यविधि, २०७५** रहेको छ ।
(२) यो कार्यविधि चुलाचुली गाउँपालिकाको कार्यपालिकाले राजपत्रमा प्रकासित गरेपश्चात लागु हुनेछ ।
(३) यो कार्यविधि चुलाचुली गाउँपालिकाको क्षेत्रभित्र लागु हुनेछ ।

२. **परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,
(क) **संविधान** भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।
(ख) **ऐन** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ
(ग) **गाउँपालिका** भन्नाले चुलाचुली गाउँपालिका सम्झनु पर्छ ।
(घ) **अध्यक्ष** भन्नाले चुलाचुली गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।
(ङ) **उपाध्यक्ष** भन्नाले चुलाचुली गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(च) **वडा** भन्नाले चुलाचुली गाउँपालिकाको प्रत्येक वडा सम्झनु पर्छ ।

(छ) **वडाअध्यक्ष** भन्नाले चुलाचुली गाउँपालिकाको वडाअध्यक्ष सम्झनु पर्छ ।

(ज) **कार्यपालिका** भन्नाले चुलाचुली गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ । सो शब्दले कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु समेत सम्झनु पर्छ ।

(झ) वडा **सदस्य** भन्नाले चुलाचुली गाउँपालिकाको प्रत्येक निर्वाचित जन प्रतिनिधिहरुलाई सम्झनु पर्छ ।

(ञ) **स्थानीय विकास कोष** भन्नाले चुलाचुली गाउँपालिकाले पशु पन्छि तथा कृषि क्षेत्र र योजनामा विनियोजन गरेको रकम सम्झनुपर्छ ।

(ट) **सहकारी** भन्नाले सहकारी भन्नाले चुलाचुली गाउँपालिकामा दर्ता वा सुचिकृत भई गाउँपालिकाको ऐन, नियम, कानून बमोजीम संचालित सहकारी बुझ्नु पर्दछ ।

(ठ) **व्यवसाय भन्नाले** पशुपन्छि तथा कृषि उत्पादनको व्यवसाय गर्ने फर्म, कम्पनी, संस्था वा सुचिकृत समूह भन्ने बुझ्नु पर्दछ । सो शब्दले सो सम्बन्धी व्यापार व्यवसाय समेतलाई बुझाउँछ ।

(ड) **कृषि क्षेत्र** भन्नाले कृषिजन्य, पशुपंक्षिजन्य, वनस्पतीजन्य वा तोकिएका पकेट क्षेत्रहरुलाई सम्झनु पर्छ र सो शव्दले जडिबुटि खेती तथा उत्पादनको व्यवसायलाई समेत बुझाउँदछ ।

(ढ) **सञ्चालक समिति** भन्नाले यस कार्यविधिको दफा ११ बमोजीम गठन भएको स्थानीय विकास कोष सञ्चालक समिति बुझ्नु पर्छ ।

(ण) **संयोजक** भन्नाले स्थानीय विकास कोष सञ्चालक समितिको संयोजक सम्झनु पर्दछ ।

**३. उद्देश्य :** स्थानीय विकास कोष सञ्चालनको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) चुलाचुली गाउँपालिका क्षेत्रभित्रका परम्परागत पशुपालन र कृषि प्रणालीलाई आधुनिक तथा व्यवसायीक प्रणालीमा रुपान्तरित गरी गुणस्तरीय विषाधी रहित उत्पादन बृद्धि गर्नमा सहयोग पुऱ्याउनु ।

(ख) कृषिमा आधारित उत्पादनलाई प्रोत्साहन गरी प्रशोधन सहित बजारीकरण गर्नमा सहयोग पुऱ्याउनु ।

(ग) साना घरेलु उद्योग व्यवसायलाई प्रोत्साहित गर्नमा सहयोग पुऱ्याउनु ।

(घ) सीपमुलक पेशाको तालिम उपलव्ध गराई वैंककिङ प्रणालीमा जोडी शुलभ कर्जा (Soft Loan) उपलल्ध गराउनमा सहयोग पुऱ्याउनु ।

(ङ) किसानहरुलाई सहकारीमा आवद्ध गराई उनिहरुमाझ छरिएर रहेको थोरै–थोरै पुँजीलाई एकिकृत गरी आय आर्जन बढाउन, आवश्यक मात्रामा खर्च गर्ने बानीको विकास गराउन र बचत गर्ने बानी बसाउन ।

(च) आर्थिक समृद्धि हाँसिल गर्न र गरिवी निवारण तथा आर्थिक विपन्नताका कारणले वन जंगल ओगटी बसोवास गर्ने परिवारहरुलाई एकिकृत गर्दै

वन क्षेत्रबाट हटाई उनिहरुलाई पशुपन्छि तथा कृषि उत्पादनको कार्यमा प्रेरित गर्नमा सहयोग पुऱ्याउन ।

## परिच्छेद- २
## स्थानीय विकास कोष कोषको परिचालन, मापदण्ड र प्रयोग

**४. स्थानीय विकास कोष परिचालनः** चुलाचुली गाउँपालिकामा दर्ता भई गाउँपालिका क्षेत्रभित्र आफ्नो कार्यक्षेत्र भएका र चुलाचुली गाउँपालिकाको ऐन, नियम र कानून बमोजीम दर्ता वा सुचिकृत भई संचालनमा रहेका सहकारी मार्फत चुलाचुली गाउँपालिकाका नागरिकहरुको आर्थिक बृद्धिको गतिविधिलाई अभिवृद्धि गर्न, विपन्नता हटाउन, गरिवी निवारण गर्न, सहकार्यको माध्यमबाट सबै प्रकारका किसान र सो सम्बन्धीका व्यवसायीहरुलाई प्रोत्सान गर्न र समग्र चुलाचुली गाउँपालिकाको क्षेत्र तथा गाउँपालिका भित्रका जनताहरुको आर्थिक समृद्धि हाँसिल गर्न यो स्थानीय विकास कोष परिचालन हुनेछ ।

**५. स्थानीय विकास कोषको रकम लगानी गर्ने मापदण्डः** (१) स्थानीय विकास कोषको रकम लगानी गर्ने सहकारी संस्थाले देहाय बमोजीमको मापदण्ड पुरा गरि अनुसूची–१ बमोजीमको फारम भरी वडा कार्यालयको सिफारीस सहीत गाउँपालिकामा आवेदन पेश गर्नुपर्नेछ ।

(क) चुलाचुली गाउँपालिकाको ऐन, नियम, कानून र प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानून समेत पूर्ण रुपमा पालना गरेको हुनुपर्नेछ ।

(ख) लगानी गर्ने क्षेत्र, कर्जाको अवधि, साँवा र व्याजको प्रतिशत, साँवा व्याज उठाउने समय अवधि, किस्ता रकम बुझाउँने समय अवधि प्रष्ट भएको हुनु पर्नेछ ।

(ग) जुन क्षेत्रमा कर्जा प्रवाह भएका हो सो क्षेत्रबाट उत्पादन हुने समय अघि कर्जा लिने ऋणीबाट व्याजको किस्ता मात्र उठाउने र उत्पादन हुन थालेपछि मात्र साँवा रकम उठाउने प्रतिवद्धता गर्नुपर्नेछ ।

(घ) गाउँपालिकाबाट प्राप्त लगानीलाई सुलभ कर्जा (Soft Loan) घोषणा गरि व्याजको अंक किटानी गर्नुपर्नेछ ।

(ङ) स्थानीय विकास कोषको रकम लगानी माग गर्ने सहकारीले कुल लगानी रकमको १० प्रतिशत गाउँपालिकाको स्थानीय विकास कोषको खातामा जम्मा गर्नुपर्नेछ । बाँकी ९० प्रतिशत रकम गाउँपालिकाले स्थानीय विकास कोषको खातामा जम्मा गरी समपुरक कोषमा रहेको रकमबाट ३ (तीन) किस्तामा प्रदान गर्नेछ ।

(च) लगानी गर्ने सहकारीले चालु आर्थिक वर्षसम्म खराव कर्जा लगानी नगरेको वा खराव कर्जा कम लगानी गरेको वा सुधार उन्मुख भएको प्रमाणित गर्नुपर्नेछ ।

(छ) स्थानीय विकास कोषको रकम लगानी गर्ने सहकारीले कोषको रकमको ३० प्रतिशत वडाकार्यालयबाट सिफारीस भएका सम्बन्धित सहकारीका विपन्न सदस्यहरुलाई कर्जा प्रवाह गर्नुपर्नेछ ।

(ज) स्थानीय विकास कोषमा जम्मा भएको म्याचिङ फण्डको रकम लगानी गर्दा स्थानीय विकास कोषले वार्षिक व्याज सयकडा ६ प्रतिशतले लिने गरि सहकारीमा लगानी गर्नेछ र सहकारीले शेयर सदस्यहरुबाट बढिमा वार्षिक व्याज सयकडा १२ प्रतिशत सम्म लिने गरी शेयर सदस्यहरमा लगानी गर्न सक्नेछ ।

(झ)स्थानीय विकास कोषको रकम लगानी गर्ने सहकारीले प्रत्येक चौमासिकमा आर्थिक प्रतिवेदन गाउँपालिकामा अनिवार्य पेश गर्नुपर्नेछ ।

(ञ) स्थानीय विकास कोषको रकम लगानी माग गर्ने सहकारीले आफ्नो सहकारीबाट स्थानीय विकास कोषको रकम लगानी गर्ने भनी गरेको निर्णय समेतको प्रमाणीत नक्कल पेश गर्नुपर्नेछ ।

( ट) चुलाचुली गाउँपालिकाको विकास र समृद्धिका लागि सहयोग पुऱ्याउनु सहकारी संस्थाको पनि उत्तिकै दायित्व हुनेछ ।

६. **स्थानीय विकास कोषको प्रयोग : (१)** स्थानीय विकास कोषको रकम लगानी गर्ने सहकारीले यस कार्यविधिले तोके बमोजीमको लक्षित क्षेत्र, उदेश्य र वर्गमा कर्जा प्रवाह नगरी अन्यत्र प्रवाह गरी प्रयोग गरेको देखिएमा वा पाइएमा स्थानीय विकास कोषले लगानी रकम फिर्ता गर्ने लिनेछ ।

(२) स्थानीय विकास कोषको रकम लगानी गर्ने सहकारीले स्थानीय विकास कोषको रकम लगेर दुरुपयोग गरेको ठहर भएमा सम्झौतामा भए बमोजीम हुने गरी स्थानीय विकास कोषबाट दिएको ऋण र सो रकम वरावरको जरीवाना गरी असुल उपर गरिनेछ ।

७. **समपुरक ऋणपूँजी :** (१) समपुरक ऋणपूँजी देहाय बमोजीम हुनेछ ।

**(क) समपुरक ऋणपूँजी :** आर्थिक समृद्धि कोषबाट प्राप्त हुने अनुदान न्यून आय भएका विपन्न वर्ग, जाती, लिङग, अपाङगता, युवा, वृद्ध, वृद्धा, एकल महिला र पिछडीएको भूगोललाई सम्वोधन हुने गरी आय आर्जन बढाउन, सामुहिक हित हुने गरी तथा सार्वजनिक हित हुने,निर्वाहमुखि पेशालाई व्यवसायीकरण गर्दा उत्पादन र गुणस्तर बढेर आय आर्जन बढाउन सकिने क्षेत्रमा सहकारीले वडाको सिफारीस सहित अनुसूची–१ बमोजीमको माग फारम भरी रकम माग भएमा आवश्यक रकम स्थानीय विकास कोष सञ्चालक समितिको निर्णय बमोजीम स्थानीय विकास कोषबाट ऋण उपलव्ध गराईनेछ ।

## परिच्छेद- ३

## स्थानीय विकास कोषको रकम बाँडफाँड तथा लगानी प्रकृया

८. **स्थानीय विकास कोषको रकम बाँडफाँड प्रकृया देहाय बमोजीम हुनेछः** (१) आर्थिक वर्षमा प्रत्येक वडाको सिलिङ बजेटवाट ३ (तिन) प्रतिशत रकम विनियोजन गरी गाउँपालिकाको स्थानीय विकास कोषमा अनिवार्य जम्मा गर्नुपर्नेछ । गाउँपालिकाले स्थानीय विकास कोषमा जम्मा गरेको रकमबाट सोही प्रतिशतमा थप गरी सम्वन्धित वडा क्षेत्रमा रहेका सहकारी मार्फत् लगानी गर्नेछ ।

(२) एउटै वडाबाट एकभन्दा बढी सहकारीले स्थानीय विकास कोषको रकम लगानि गर्न माग फारम भरी माग गरि आएमा स्थानीय विकास कोष सञ्चालक समितिले एकै प्रकृतिको उदेश्य भएका सहकारीलाई सुचिकृत गर्नेछ । एकै प्रकृतिको सहकारीहरुले भुगोल समेत मिल्ने गरि म्याचिङ गरी कार्यविधिको दफा ५ बमोजीमको मापदण्ड भित्र रही स्थानीय विकास कोषको रकम लगानी माग गर्न आएमा त्यस्तो सहकारीलाई प्राथमिकता दिईनेछ ।

३) न्यून आय भएका विपन्न परिवारको जीवन स्तर उकास्ने र आय आर्जन गरी आर्थिक वृद्धि हुने गरि कार्यविधिले तय गरेको मापदण्ड पुरा गरेका सहकारीले स्थानीय विकास कोषको रकम लगानी माग गर्न आएमा त्यस्ता सहकारीलाई प्राथमिकता दिईनेछ ।

(४) स्थानीय विकास कोषको रकम लगानी गर्दा एउटा सहकारीलाई स्थानीय विकास कोष सञ्चालक समितिले निर्णय गरे बमोजीमको ऋण रकम प्रदान गरिने छ ।

(५) स्थानीय विकास कोषबाट सहकारीलाई रकम लगानी गर्दा लगानी गर्ने क्षेत्र र उत्पादन हुने अवधिलाई ध्यान दिई बढीमा दुई वर्षसम्मको अवधि तोकी अनुसूची– २ बमोजीमको ढाँचामा सम्झौता गरि लगानी गरिनेछ ।

९. **कर्जा रकम व्यवस्थापन, प्रोत्साहन र पुरस्कार :** (१) सहकारीले कर्जाको म्याद पुगेपछि साँवा व्याज रकम असूल गरी समयमै गाउँपालिकामा बुझाई पुनः सो रकम सोही सहकारीले माग गरेमा कोष सञ्चालक समितिले निर्णय गरि त्यसरी रकम बुझाएको सात दिन भित्र कर्जा नविकरण गरि सोही सहकारीलाई लगानी गर्न सक्नेछ ।

(२) समयमै रकम बुझाउँने सहकारीलाई प्रोत्साहन वापत थप लगानी उपलव्ध गराउन सकिने छ ।

(३) स्थानीय विकास कोष सञ्चालक समितिको सिफारीसमा समयमै रमक फिर्ता गर्ने सहकारीलाई गाउँकार्यपालिकाले निर्णय गरि पुरस्कार प्रदान गर्न सक्नेछ ।

**१०. सामाजिक सुरक्षा कोष :** (१) स्थानीय विकास कोषमा काम गर्ने कर्मचारीहरुको समाजिक सुरक्षा ऐन बमोजीम निजहरुको योगदानमा आधारीत सामाजिक सुरक्षा कोषको स्थापना गरिनेछ ।

(२) सामाजिक सुरक्षा कोषमा देहाय बमोजीमको रकम रहने छ:

(क) गाउँपालिकाले विनियोजन गरेको रकम ।

(ख) जिल्ला समन्वय समितिबाट हस्तान्तरण गरेको रकम ।

(ग) नेपाल सरकार र प्रदेश सरकारले विनियोजन गरेको रकम ।

(घ) कर्मचारीले आफ्नो तलवबाट योगदान गरेको रकम वा प्रदान गरेको रकम ।

(३) स्थानीय विकास कोष कार्यक्रम सञ्चालन गर्ने कर्मचारीले पाउने तलवबाट कम्तीमा दश प्रतिशत रकम कट्टा गरि सो रकमको दोव्बर रकम गाउँपालिकाको कोषबाट थप गरि कोषमा जम्मा गर्नु पर्नेछ । त्यसरी जम्मा भएको रकममा गाउँकार्यपालिकाले निर्णय गरि उपदान वापत दिईने अन्य रकम समेत थप गरी सो कार्यक्रम सञ्चालन गर्ने कर्मचारी अवकास हुँदाका वखत उपदान वापत प्रदान गर्नुपर्नेछ ।

## परिच्छेद- ४

### ११. स्थानीय विकास कोष सञ्चालक समितिको गठन, काम, कर्तव्य र अधिकार

**(१) स्थानीय विकास कोषमा देहाय बमोजीमका सदस्यहरु रहने छन्:**

(क) गाउँपालिकाको अध्यक्ष – अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष – सदस्य

(ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको शाखा अधिकृत – सदस्य सचिव

(२) माथि उल्लेखित तीन सदस्य सञ्चालक समितिले देहाय बमोजीमका सदस्यहरु सञ्चालक समितिमा मनोनित गर्नुपर्नेछ ।

(क) गाउँपालिकाको सबै वडा अध्यक्षहरु – सदस्य

(ख) गाउँपालिकाको महिला जन प्रतिनिधी सदस्यहरु मध्येबाट अध्यक्षले मनोनित गरेको तिन जना – सदस्य

(३) आर्थिक समृद्धि कोष सञ्चालक समितिको वैठकमा निम्न सदस्यहरुलाई आमन्त्रित गर्न सकिनेछ । तर आमन्त्रित सदस्यहरुको निर्णय अधिकार रहने छैन ।

(क) गाउँपालिकाको सामाजिक विकास तथा सहकारी विकास शाखाको प्रमुख तथा प्रतिनिधि – आमन्त्रित सदस्य

(ख) लेखाशाखा प्रमुख तथा प्रतिनिधि – आमन्त्रित सदस्य

(ग) कृषि विकास शाखा प्रमुख तथा प्रतिनिधि – आमन्त्रित सदस्य

(घ) पशुपंक्षि विकास शाखा प्रमुख तथा प्रतिनिधि – आमन्त्रित सदस्य

**१२. स्थानीय विकास कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :**

(१) स्थानीय विकास कोष सञ्चालक समितिको, काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) स्थानीय विकास कोषको रकम पारदर्शि तवरले परिचालन गर्नु ।

(ख) कोषको रकम यस कार्यविधिको अधिनमा रहि ऋण लगानी गर्नु

(ग) कोषबाट लगानी भएको ऋण असुल गर्नु ।

(घ) कोष सञ्चालक समितिको निर्णय बमोजीम स्थानीय विंकास कोषको रकम लगानी गर्दा स्थानीय विकास कोष सञ्चालक समितिको तर्फबाट संयोजकले सम्झौता गर्ने ।

(२) स्थानीय विकास कोष सञ्चालक समितिको वैठक आवश्यकता अनुसार वस्नेछ । वैठक वसे वापतको सेवा सुविधा गाउँपालिकाको नियम अनुसार गाउँकार्यपालिकाले निर्णय गरे बमोजीम हुनेछ ।

**१३. अनुगमन :** स्थानीय विकास कोषको सञ्चान प्रकृया, ऋण लगानी, व्यवसाय सञ्चालन आदी इत्यादीको अनुगमन गाउँपालिकाको आर्थिक समितिले आवश्यकता अनुसार गर्नेछ ।

## परिच्छेद – ५

**१४. स्थानीय विकास कोषः** (१) स्थानीय विकास कोषमा देहाय बमोजिमको रकम रहनेछः

(क) गाउँपालिकाले विनियोजन गरेको रकम ।

(ख) वडा समितिले विनियोजन गरेको रकम ।

(ग) नेपाल सरकार , प्रदेश सरकार र जिल्ला समन्यव समितिले विनियोजन गरेको रकम ।

(घ) दातृ संघ संस्थाहरुले सहयोग स्वरुप प्रदान गरेको रकम ।

(ङ) अन्य श्रोतबाट स्थानीय विकास कोष परिचालन गर्न सहयोग स्वरुप प्रदान गरेको रकम ।

**१५. लेखा परीक्षणः** स्थानीय विकास कोषमा जम्मा भएको, लगानी भएको र खर्च भएको रकमको लेखा परीक्षण प्रचलित कानून बमोजिम गरिनेछ ।

**१६. प्रतिवेदन पेश गर्नुपर्नेः** स्थानीय विकास कोषको वार्षिक प्रतिवेदन र आर्थिक प्रतिवेदन तयार गरी गाउँकार्यपालिकामा अनिवार्य पेश गर्नुपर्नेछ ।

**१७. कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

अनुसूची–१

(दफा ५(१) सँग सम्बन्धित)

**चुलाचुली गाउँपालिका, इलाम**

**स्थानीय विकास कोष सञ्चालन समितिको सचिवालय**

दर्ता नं.:

सहकारी :

गाउँपालिकामा दर्ता वा सुचिकृत मितिः

मितिः

**स्थानीय विकास कोषको ऋणपूजी रकम माग फारम आवेदनः**

१. जिल्ला इलाम चुलाचुली गाउँपालिका वडा नं. .....मा रहेको सहकारीको सञ्चालक समितिको/कार्यसमितिको मिति.........................मा बसेको वैठकबाट सर्वसम्मतिले निर्णय भए अनुसार तपसिल बमोजीमका सदस्यहरुलाई क.स. ..........देखि..............सम्मको ..........................आयोजना/व्यवसाय संचालन गर्नको लागी रु..............अक्षरेपी...............................ऋणपूजी स्थानीय विकास कोषबाट उपलब्ध गराई दिन यो निवेदन गरेका छौं ।

| क.स. | सदस्यको नाम | लिङ्ग | लगानी गर्ने क्षेत्र/उदेश्य | जम्मा रकम | | ऋण चुक्ता गर्ने अवधि | किस्ता | ऋणीको आर्थिक अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सहकारीको लगानी | आवश्यक ऋण | | | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |

**२. मिति......................सम्मको सहकारीको वित्तीय विवरण यस प्रकार छः**

(क) वैंकमा रहेको रकम रु...............................

(ख) लगानीमा रहेको रकम रु.........................

(ग) कुल बचत रकम रु...................................

**३. मिति....................................सम्म सहकारीको ऋणपूजीको स्थिति यस प्रकार छः**

| क. स. | उदेश्य | ऋणको अवस्था | | | भुक्तानी गर्न बाँकी रकम | ऋणीहरुको संख्या |
|---|---|---|---|---|---|---|
| | | पूर्ण उपयोग | आंशिक उपयोग | उपयोग नभएको | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

अध्यक्षको
नामः.................................
दस्तखतः.......................
सचिव/व्यवस्थपकको
नामः...........................
दस्तखतः.....................

## अनुसूची–२
## (दफा दफा ८ को उपदफा (५) सँग सम्बन्धित)

### स्थानीय विकास कोष सञ्चालक समति र सहकारीको वीचमा भएको सम्झौता पत्रको ढाँचाः

लिखितम यस सम्झौता पत्रमा स्थानीय विकास कोष सञ्चालक समति(यसपछि प्रथम पक्ष भनिएको) र इलाम जिल्ला चुलाचुली गाउँपालिका वडा नं.............मा भएको...............................सहकारी (यसपछि दोस्रो पक्ष भनिएको) सो सहकारीले आफ्ना सदस्यहरुलाई ऋण उपलव्ध गराउने, उपलव्ध गराएको ऋण प्राप्त गर्ने पूर्व शर्त, ऋण लगानी प्रकृया, उदेश्य अनुरुप ऋणको सदुपयोग गर्न, अनुगमन, ऋण चुक्ता गराउने र ऋण चुक्ता गर्ने सम्बन्धमा तपसिल बमोजीमका शर्तहरु बमोजीम गर्ने गरी जम्मा रकम..........को ६ प्रतिशत रु.........सहकारीले स्थानीय विकास कोषमा जम्मा गर्ने गरी र बाँकी नव्बे प्रतिशत रु........... स्थानीय विकास कोषबाट ऋण लिई लगानी गर्ने गरी आपसी सहमती र मञ्जुरीमा यो सम्झौता पत्र तयार गरि सहीछाप समेत गरी एक/एक प्रति लिनुदिनु गरेका छौ ।

### तपसिल

१. प्रथम पक्षबाट ऋण प्राप्त गर्न दोस्रो पक्ष सहकारीले निम्न लिखित शर्तहरु पूर्ण रुपमा पालना गरेको हुनु पर्नेछः
   (क) दोस्रो पक्ष चुलाचुली गाउँपालिकाको ऐन, नियम र कानून बमोजीम चुलाचुली गाउँपालिकामा दर्ता भएको हुनुपर्नेछ ।
   (ख) दोस्रो पक्षले चुलाचुली गाउँपालिकाको ऐन, नियम, कानून र प्रचलित नेपाल सरकारको कानून एवं प्रदेश सरकारको कानूनको पालना गरेको हुनुपर्नेछ ।
   (ग) दोस्रो पक्षले नियमित रुपमा आफ्नो वैठक वस्ने गरेको, वचत र ऋण सम्बन्धि कारोवार गरेको र निर्णय प्रकृयामा पारदर्शिता भएको हुनुपर्ने छ ।
   (घ) दोस्रो पक्षले लगानीको लागी आफ्नो वचत उपयोग गरेको र आवश्यक लेखा राम्ररी राख्ने गरेको हुनुपर्नेछ ।
   (ङ) दोस्रो पक्षको सदस्यहरु नेपाली नागरिक हुनुपर्नेछ र ऋणलाई आय आर्जन बढाउने कार्य, उत्पादन बढाउने क्षेत्र वा उद्यममा उपयोग गर्न र ऋण चुक्ता गर्न सक्षम हुनुपर्नेछ ।
   (च) दोस्रो पक्षको आफ्नो वचत आफ्ना अधिकांश सदस्यहरुलाई, विपन्न सदस्यहरुलाई ऋण दिन प्रयाप्त नभएको हुनुपर्नेछ ।

(छ) दोस्रो पक्षले वचत तथा ऋण रकम सम्भव भएसम्म न्यून लागतमा आय आर्जन हुने कार्य(उत्पादन बढाउने उत्पादनशिल क्षेत्र) मा लगानी गरेको र कम जोखिम भएको हुनुपर्नेछ ।

(ज) दोस्रो पक्षले ऋण चुक्ता समय तालिका तयार गर्दा ऋण लिएको मितिले साधारणतया आफ्ना सदस्यहरुले लगानी गरेको उद्यम, व्यवसाय, लगानी गरेको क्षेत्रबाट आम्दानी हुनेमा ध्यान दिई किस्तावन्दी रुपमा साँवा व्याज लिनुपर्नेछ । ऋण लगानी गर्दा साधारणतया १२ महिना भन्दा बढी नहुने गरी ऋण लगानी गर्नुपर्नेछ ।

(झ) दोस्रो पक्षले स्थानीय विकास कोषबाट लिएको ऋणको व्याज वार्षिक सयकडा दश प्रतिशत लिने गरी प्रथम पक्षले प्रदान गर्नेछ । साथै सहकारीले शेयर सदस्यहरुबाट बढिमा वार्षिक व्याज सयकडा १२ प्रतिशत सम्म लिने गरी शेयर सदस्यहरमा लगानी गर्न सक्नेछ ।

(ञ) ऋण लगानी हुने उद्यम, व्यवसायवाट तोकिएको समयमा प्रतिफल प्राप्त नहुने कारणले ऋण चुक्ता गर्न असमर्थता जनाई सो भन्दा बढी अवधिको लागी ऋण माग भई आएमा बढीमा २४ महिनाको लागी किस्तावन्दीमा( बढीमा ८ किस्ता) मा तिर्न दोस्रो पक्षको सदस्य संख्याको कम्तीमा ७५ प्रतिशत सदस्यहरु उपस्थित भएको वैठकमा उपस्थित सदस्यहरु मध्यबाट सर्वसम्मतिले निर्णय गरेको हुनुपर्नेछ ।

(ट) दोस्रो पक्षको व्यवस्थापकले ऋण लगानी गर्ने, ऋण रकम असुल गर्ने र आवश्यक लेखा राख्ने जिम्मेवारी लिएको हुनु पर्नेछ ।

(ठ) दोस्रो पक्षका ऋण लिने सदस्यले ऋण चुक्ता नगरेमा दोस्रो पक्षका सम्पूर्ण सदस्यहरुले ऋण रकम तिर्ने जिम्मेवारी लिएको हुनुपर्नेछ ।

(ड) दोस्रो पक्षले स्थानीय विकास कोषको रकम प्राप्त गर्नु अगावै जम्मा रकमको दश प्रतिशत रकम स्थानीय विकास कोषमा जम्मा गरेको हुनुपर्नेछ । बाँकी ९० प्रतिशत रकम स्थानीय विकास कोषबाट थप गरी म्याचिङ फण्डबाट तिन किस्तामा दोस्रो पक्षले प्राप्त गर्नेछ । प्रत्येक किस्ता रकम बुझि लिएको भरपाई दोस्रो पक्षले प्रथम पक्षलाई गरि दिनुपर्नेछ र भरपाई गरेपछि मात्र प्रथम पक्षले दोस्रो पक्षलाई चेक मार्फत ऋण प्रदान गर्नेछ ।

(ढ) दोस्रो पक्षले प्रथम पक्षबाट लिएको स्थानीय विकास कोषको ऋण आवेदन फारममा उल्लेख गरिएका उदेश्य वमोजीम गर्नुपर्नेछ ।

(ण) प्रथम पक्षले तोकेका शर्तहरु दोस्रो पक्षले पुरा नगरी प्रथम पक्षबाट लगानी गरिएको स्थानीय विकास कोषको ऋण दुरुपयोग गरेमा वा स्थानीय विकास कोष कार्यविधिले तोकेको उदेश्य अनुरुप र आवेदन माग फारममा उल्लेख भएको उदेश्य अनुरुप प्रयोग नगरी दुरुपयोग प्रयोग गरेको पाईएमा स्थानीय विकास कोष कार्यविधिले तोके बमोजीम प्रथम पक्षले स्थानीय विकास कोषबाट दिएको ऋण र सो रकम वरावरको हर्जना तिर्नुपर्नेछ ।

(त) दोस्रो पक्षले स्थानीय विकास कोषबाट ऋण लिन, ऋण लिन प्रथम पक्षसँग सम्झौता गर्ने अख्तियारी दिएको वैठकको निर्णय र अख्तियारी पत्र प्रथम पक्षलाई दिनुपर्नेछ ।

(थ) प्रथम पक्षले दोस्रो पक्षलाई लगानी गरेको ऋण रकमको सदुपयोग भए नभको र उदेश्य बमोजीम प्रयोग गरे नगरेको सम्बन्धमा स्थानीय विकास कोष कार्यविधिमा उल्लेख भए बमोजीमको अनुगमन समितिले अनुगमन गर्नेछ ।

(द) अनुगमन गर्दा दोस्रो पक्षले प्रथम पक्षबाट लिएको स्थानीय विकास कोषको ऋण उदेश्य बमोजीम प्रयोग गरेको नपाइएमा दोस्रो पक्षलाई पुनः बाँकी किस्ता र ऋण प्रदान गर्न प्रथम पक्ष वाध्य हुने छैन

(ध) दास्रो पक्षले प्रथम पक्षबाट स्थानीय विकास कोषबाट लिएको ऋणको साँवा, व्याज रकम बुझाउँने दायीत्व र ऋणको दुरुपयोग गरी हर्जना वापत बुझाउँनु पर्ने दायीत्व स्थानीय विकास कोष कार्यविधिमा तोकिए बमोजीम र यसै सम्झौता बमोजीम हुनेछ ।

(न) चुलाचुली गाउँपालिकाको विकास र समृद्धिका लागि सहयोग पुऱ्याउनु सहकारी संस्थाको पनि उत्तिकै दायित्व हुनेछ ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| सञ्चालक समितिका संयोजक | ............सहकारीको तर्फबाट |
| श्री........................................ । | अख्तियार प्राप्त |
| श्री............................। | |

इति सम्वत् २०............साल .........महिना......गते रोज...शुभम् ...........।

***नोटः यस सम्झौतामा आवश्यकता अनुसार थपघट गर्न सकिनेछ ।***